# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१ ) काठमाडौं, असोज ९ गते २०४८ साल ( अतिरिक्ताङ्क ३७ (क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

माननीय शिक्षा तथा संस्कृति र पर्यटन मन्त्री श्री रामहरि जोशी अर्जेण्टिनाको राजधानी ब्यूनसआयर्समा हुने विश्व पर्यटन संगठनको नवौं महाधिवेशनमा भाग लिन साथै संयुक्त राष्ट्रसंघको साधारण सभाको चालू अधिवेशनमा नेपाली प्रतिनिधि-मण्डलको नेतृत्व गरी भागलिन समेत त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थिति-मा उहाँले सम्हाली आउनु भएको शिक्षा तथा संस्कृति र पर्यटन मन्त्रालयहरूको कार्यभार उहाँ प्रस्थान गर्नुभएको मितिदेखि नै लागू हुने गरी सम्माननीय प्रधान-मन्त्रीको सिफारिशमा माननीय जलस्रोत र सञ्चार मन्त्री श्री वासुदेव रिसालले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२०